याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मेदिबुङ, थर्पु, पाँचथर
प्रदेश नं. १, नेपाल

## मितिः२०७८/१२/०२ गतेको कार्यपालिका वैठकमा पेश गरिएको फागुन महिनाको योजना अनुगमन प्रतिवेदन

१. **अनुगमन गरिएका योजनाको संख्या :**
- क. ठेक्काबाट :- ५
- ख. टोल विकास समितिबाट:-
- ग. उपभोक्ता समितिबाट:-

२. **अनुगमन गर्ने निकाय/कार्यालयः**
- क. याङवरक गाउँपालिका स्तरीय अनुगमन समिति (✓)
- ख. याङवरक गा.पा. ... वडा स्तरीय अनुगमन समिति ( )

३. **अनुगमन गरिएका योजनाहरु :-**
- क. १५ शैया अस्पताल
- ख. निशान कालीका धाम तथा याङवरक पोखरी संरक्षण योजना
- ग. गाउँपालिका प्रशासकीय भवन
- घ. मल्टि प्रोपोज कबर्ड हल
- ङ. सिम्ले निगाले इम्बुंग धारा याङसीबुङ बृहत खा.पा. योजना

४. **अनुगमन बाट देखिएको व्यहोरा :-**

(क) १५ शैया अस्पतालको काम सन्तोष जनक करिब ५ % भएको । अस्पताल भबन निर्माणको लागि खानेपानीको अभाव भएकोले खानेपानीको ब्यबस्था छिटो गर्नुपर्ने देखिन्छ ।

(ख) निशान कालिका धामको काम सन्तोष जनक करिब १०% भएको र थर्पु बजार , कोलबोटे र सुब्बाडाँडामा खानेपानीको लागि करिब ५० वटा जति खानेपानी पाईप निशान पोखरीबाट विस्तार गरेकोले उचित ब्यबस्थापन गर्नुपर्ने । निशान पोखरी वरिपरी जग्गा किनबेच गर्ने देखिएकोले मौलोको जमिन एकिन गरेर मात्र किनबेच गर्नुपर्ने देखिन्छ । योजना निर्माण स्थलमा बिभिन्न मठ मन्दिर, धार्मिकस्थल र माछा लगायत अन्य जिबजन्तु भएकोले सबैको संरक्षण गर्दै योजना निर्माणमा स्थानीयबासीको साथ र सहयोगको आवश्यक देखिन्छ ।

(ग) गाउँपालिका प्रशासकीय भबनको काम सन्तोष जनक करिब ५० % काम भएको । भबन निर्माणको लागि खानेपानीको अभाव भएकोले खानेपानीको ब्यबस्था छिटो गर्नुपर्ने देखिन्छ साथै निर्माण क्रममा कामदारले सेफ्टी सामाग्री प्रयोग गर्नुपर्ने देखिन्छ ।

(घ) मल्टि प्रोपोज कबर्ड हलको काम सन्तोषजनक करिब १० % भएको । हलको जग तयारी गर्ने क्रममा (२९*२२) भित्ता पट्टीको भाग (दक्षिण ) पहिरो गई जग्गा दाताको बायो ग्यास, किचन र गोठ पूर्ण रुपमा क्षति भएकोले इन्जीनियरिङ्ग नर्म्स अनुसार टेवा पर्खाल दिनुपर्ने र रोड साईडमा (उत्तर ) पनि वाल निर्माण गर्नुपर्ने देखिन्छ । खानेपानीको अभाव भएकोले खानेपानीको ब्यबस्था छिटो गर्नुपर्ने देखिन्छ साथै निर्माण क्रममा कामदारले सेप्टी सामाग्री प्रयोग गर्नुपर्ने देखिन्छ ।

(ङ) सिम्ले निगाले इम्बुंग धारा याङसीबुङ बृहत खा.पा. योजनाको काम सन्तोष जनक करिब ६०%कार्य सम्पन्न भएको। खानेपानी उ.स. को जनसहभागिता नभएकोले योजना सम्पन्न पछी योजनाको रेखदेख र मर्मत सम्भार को कार्यमा समस्या हुने देखिन्छ साथै ठाडो लाईन मुल हुदै मध्य पहाडी सडक मुनि १५ घर धुरी खानेपानी बाट छुट भएकोले समाबेश गरि कार्य अगाडी बढाउनुपर्ने देखिन्छ ।

५. **याङवरक गाउँपालिका स्तरीय अनुगमन समितिमा रहने पदाधिकारीको बिबरण**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री कमल कुमारी योङहाङ | गा.पा. उपाध्यक्ष (योजना तथा अनुगमन समिति संयोजक) |
| २. | श्री सुमन लिङ्देन (लिम्बु) | प्रमुख प्रशासकीय अधिकृत |
| ३. | श्री शरद दाहाल | इन्जिनियर |
| ४. | श्री शहरनन्द योङहाङ/टेकनाथ नुयौपाने | वडा अध्यक्ष |
| ५. | श्री मोविर पुन | साइट इन्चार्ज |
| ६. | श्री दिपेन्द्र बुढाथोकी | अ.स.इ. - योजना तथा अनुगमन इकाई - सदस्य सचिव |

## सुझावहरु

१. १५ शैया अस्पतालको दक्षिण पट्टि जग्गा दाताको घर समेत जोखिम हुने देखिएकोले टेवा पर्खाल तत्काल निर्माण गर्नुपर्ने देखिन्छ । अस्पतालको उत्तर पट्टि रोड भएको हाल भबनको कभरेज एरिया नपुगेकोले उत्तर पट्टि करीब ८ मिटर गहिरो खोल्सी बाट ग्याबेन तारजालीको कार्य गर्नुपर्ने र भवनको कभरेज एरिया पुर्याई रोड निर्माण गर्ने। उल्लेखित कार्यगर्न लागत अनुमान भन्दा तलमाथि हुन गएमा भेरिएसन अडर (VO) गर्नुपर्ने।

२. निशान कालिका धामको योजना निर्माण गर्न थर्पु बजार , कोलबोटे र सुब्बाडाँडामा खानेपानीको लागि करिब ५० वटा जति खानेपानी पाईप निशान पोखरीबाट विस्तार गरेकोले उचित ब्यबस्थापन गर्नुपर्ने।

३. गाउँपालिका प्रशासकीय भबन निर्माणको लागि खानेपानीको अभाव भएकोले खानेपानीको ब्यबस्था छिटो गर्नुपर्ने देखिन्छ साथै निर्माण क्रममा कामदारले सेफ्टी सामाग्री प्रयोग गर्नुपर्ने। भबनको ठेक्का सम्झौतामा लिप्ट नभएकोले लिप्ट निर्माण गर्नुपर्ने भवनका अन्य भित्रि भाग हरु DPR अनुसारको डिजाइन परिमार्जन नहुनेगरी गर्नुपर्ने।

४. हलको जग तयारी गर्ने क्रममा (२९*२२) भित्ता पट्टीको भाग (दक्षिण ) पहिरो गई जग्गा दाताको बायो ग्यास, किचन र गोठ पूर्ण रुपमा क्षति भएकोले इन्जीनियरिङ्ग नर्म्स अनुसार टेवा पर्खाल दिनुपर्ने र रोड साईडमा (उत्तर ) पनि वाल निर्माण गर्नुपर्ने। खानेपानीको अभाव भएकोले खानेपानीको ब्यबस्था छिटो गर्नुपर्ने देखिन्छ साथै निर्माण क्रममा कामदारले सेप्टी सामाग्री प्रयोग गर्नुपर्ने।

५. सिम्ले निगाले इम्बुंग धारा याङसीबुङ बृहत खा.पा. योजनाको उ.स. को जनसहभागिता नभएकोले योजना सम्पन्न पछी योजनाको रेखदेख र मर्मत सम्भार को कार्यमा समस्या हुनेभएकोले उ.स. लाई तालिम र योजनामा सहभागी गराउने , साथै मध्य पहाडी सडक मुनि र माथि गरि जम्मा १५ घर धुरी खानेपानी बाट छुट भएकोले बाकी घरधुरीको DPR गरी योजना निर्माण गर्ने।

संयोजक

श्री कमल कुमारी योङहाङ

गा.पा. उपाध्यक्ष (योजना तथा अनुगमन समिति संयोजक)

कमल कुमारी योङहाङ
उपाध्यक्ष